# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।०३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरू दिपक बहादुर बुढाथोकी, ललन मण्डल, दिपेश महतारा, मान बहादुर रावत, विर बहादुर बुढा र ज्ञान बहादुर शाही रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

क) पर्यटन कार्यालय बाँकेका तत्कालीन कार्यकारी निर्देशक दिपक बहादुर बुढाथोकी, तत्कालीन सव-इन्जिनियर ललन कुमार मण्डल र खप्तड क्षेत्र पर्यटन विकास समितिका तत्कालीन सव-इन्जिनियर दिपेश महताराले बाजुरा जिल्लाको खप्तड लसके खानेपानी योजना निर्माण कार्यको फिल्डमा भएको खुद कामभन्दा बढी परिमाण देखाई झुट्टा नापी किताब, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको तथा निर्धारित शर्त तथा मापदण्ड विपरीत भएको निर्माणलाई शर्त तथा मापदण्डबमोजिम भएको हो भनी सिफारिस गरेको, उक्त झुट्टा नापी किताब, ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरू स्वीकृत गरी रु.१,५६,५५३।- बढी भुक्तानी दिएको पुष्टि हुन आएकोले निजहरू दिपक बहादुर बुढाथोकी, ललन कुमार मण्डल र दिपेश महताराको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र खण्ड (ङ) को कसुर देखिंदा निजहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,५६,५५३।- (एक लाख छपन्न हजार पाँच सय त्रिपन्न रुपैयाँ) कायम गरी कैद र बिगो बमोजिम जरिवाना र बिगो असुलउपर हुन साथै फिल्डमा भए गरेको कार्यको यथार्थ नापी, मूल्याङ्कन नगरी नभए नगरेको कार्यको समेत भए गरेको भनी गलत नापी किताब, ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदन तयार तथा स्वीकृत गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजहरू दिपक बहादुर बुढाथोकी, ललन कुमार मण्डल र दिपेश महतारालाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन;

ख) खप्तड लसके खानेपानी योजनाको उपभोक्ता समितिका अध्यक्ष मान बहादुर रावत र सचिव विर बहादुर बुढाले योजनाको निर्माण कार्यमा खप्तड क्षेत्र पर्यटन विकास समिति, डोटीसँग भएको सम्झौताको शर्त पालना नगरी वास्तविक रुपमा फिल्डमा नभएको/नगरेको कार्यलाई समेत नापी किताबमा चढाउन लगाई उक्त नापी किताब, ठेक्का बिल लगायतका कागजातहरू गैरकानूनी लाभ लिने बदनियतले खप्तड पर्यटन विकास समितिमा पेश गरी भुक्तानी लिई रु.१,५६,५५३।- हानी पुऱ्याएको देखिंदा निजहरू मान बहादुर रावत र विर बहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.१,५६,५५३।- (एक लाख छपन्न हजार पाँच सय त्रिपन्न रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन;

ग) खप्सड लसके खानेपानी योजनाको अनुगमन समितिका संयोजक ज्ञान बहादुर शाहीले फिल्डमा सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न नभएतापनि सम्झौताबमोजिम सम्पन्न भएको भनी निजले अनुगमन गरी गलत सिफारिस गरेको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन;

मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८, दफा २९ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८०/०९/१९ को फैसलाबाट उक्त मुद्दाका प्रतिवादीहरूलाई —

क. मूल रुपमा नापी किताबमा कुन कुन कामहरू हुँदै नभएको काम भएको हो र कुन कुन काम कम भएकोमा बढी देखाइएको हो ? के कस्तो शर्त र मापदण्ड थिए जुन भए गरेको काममा देखिन आएन र पनि प्रतिवादीहरूले काम गरेको भन्ने उल्लेख गरेर भुक्तानी लिए? भनी स्पष्ट रुपमा विश्लेषण नगरिएको;

ख. बिवादित खानेपानी आयोजनामा बिल भरपाई भुक्तानी भईसकेपछि प्राविधिक सहायकको २०७४/०४/३२ को प्रतिवेदन, सब ईन्जिनियरले नापजाँच गरी पेश गरेको मिति २०७४/०८/२६ गतेको प्रतिवेदन र आयोगका ईन्जिनियर र अ.अ.ले मिति २०७६/०३/२४ मा पेश गरेको प्रतिवेदन रहेकोमा प्राविधिक सहायकको प्रतिवेदनको आधारमा कसूर र बिगो कायम भएको देखिएको । विवादित नापीमा १५०० मि. पाईप उल्लेख भएकोमा प्राविधिक सहायकको उक्त प्रतिवेदनमा ६६२ मि. मात्र देखाएको । यहि कारण नै यस मुद्दामा वादीको दावी र प्रतिवादीले खर्च देखाएको रकममा फरक देखिन आएको;

ग. इन्टेकबाट दुवै धारासम्म नाप्दा पनि १५०० मि नभई ६६२ मि मात्र हो भन्ने प्रतिवेदनबाट देखिदैन । प्रतिवेदक लाल बहादुर शाहीले वकपत्र गर्दा प्रतिवेदनमा एउटा इन्टेक छुटेको भनी उल्लेख गरेको हुँदा निजको नापी मूल्यांकन यथार्थ रहेको मान्न नमिल्ने । प्रतिवेदनमा इन्टेक, धारा पोष्टमा भएको पनिङ्ग (चिल्लो पार्ने कार्य) पाईप पुरेको ठाँउमा माटो भर्ने कार्य समेत छुटेको छ। खर्च लेखिएको नापी किताबमा पनि उक्त पनिङ्ग, माटो भर्ने कार्य, फिटिङ्ग सामान आदिको मूल्यांकन गरेको नदेखिएको;

लगायतका आधारमा प्रतिवादीहरूले आरोपीत कसूरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरू लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०२ मा पुनरावेदन गरिएको छ ।

<u>देहायः</u>

क) खप्सड लसके खानेपानी योजनाको नापी किताब अनुसार रु.३,८१,२९५/५६ मूल्याङ्कन गरेकोमा उक्त प्राविधिक प्रतिवेदन अनुसार जम्मा रु.२,२४,५०७/ मात्र काम भएको भनी मूल्याङ्कन गरेकोमा फिल्डमा कम काम गरी बढी मूल्याङ्कन गरी जम्मा रु.१,५६,५५३/- बढी भुक्तानी दिई सरकारी रकम हिनामिना गरेको देखिन आएको । फिल्डमा नभएको, नगरेको कामको झुट्टा बिल भरपाई बनाई बढी रकम भुक्तानी लिएको र नभए नगरेको कामको समेत सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भैसकेको भनी सिफारिस गरेकोले प्रतिवादीहरूको मनसायगत रुपमा नै सार्वजनिक सम्पत्तीको हिनामिना र हानी नोक्सानी तथा दुरुपयोगमा प्रत्यक्ष संलग्नता रहेको देखिएको । प्रस्तुत सन्दर्भमा नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको (नेकाप २०७८, पौष, नि.नं. १०७४८) भ्रष्टाचार मुद्दामा "मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको

खोजी गर्नुपर्ने। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने  यकिन गर्नुपर्ने" भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्तको प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको;

ख) विवादित नापीमा १५०० मि. पाईप उल्लेख भएकोमा प्राविधिक सहायकको प्रतिवेदनमा ६६२ मि. मात्र देखाएको छ । नापी किताब बमोजिमको काम नभएको भनी उजुरी परेको आधारमा स्थलगत निरिक्षणको क्रममा पेश गरिएको पहिलो प्रतिवेदनलाई नै आधार बनाएर मुद्दा दायर भएको हुँदा वादीको दावी र प्रतिवादीले खर्च देखाएको रकममा फरक पर्ने स्वाभाविक नै हो । मुद्दाको चुरो कुरो नै कवुलीयत बमोजिमको काम भएको छैन भन्ने हो । खसड लसके खानेपानी आयोजना सम्पन्न पश्चात् मिति २०७४।०४।३२ मा प्रथम पटक पेस गरेको प्राविधिक प्रतिवेदनलाई आधार जम्मा रकम रु.१,५६,५५३/- बढी भुक्तानी दिई सरकारी रकम हिनामिना गरेको पुष्टि भएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानुनी व्यवस्था रहेकोमा सो कानुनी व्यवस्थाको गलत अर्थ लगाई प्रमाणमा ग्रहण नगरी मिसिल संलग्न अन्य प्रमाणहरू - निवेदकले दिएको किटानी उजुरी, प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान, प्राविधिकले पेश गरेको खानेपानी आयोजनाको स्थलगत अनुगमन फोटो र कामको मूल्यांकन (Bill as per actual workdone in site), सब-ईन्जिनियरले पेश गरेको प्रतिवेदन, आयोगको अनुसन्धान अधिकारी र ईन्जिनियरले पेश गरेको स्थलगत प्रतिवेदन, निज प्रतिवेदकहरूले अदालत समक्षको वकपत्रबाट समेत आफ्नो प्रतिवेदन सनाखत गरेको लगायतका प्रमाणहरूले प्रतिवादीहरूको कसूरमा संलग्नता पुष्टि भई रहेको अवस्थामा आरोपित कसूर तथा सजायबाट उन्मुक्ति दिलाउने मनसायले प्रतिवादीहरूलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको;

ग) खसड लसके खानेपानी योजनाको नापी किताब अनुसार मूल्यांकन गरेको रकम रु.३,८१,२९५।५६ बाट वास्तविक रुपमा फिल्डमा काम भएको रकम रु.२,२४,७४२।— घटाउँदा फरक परेको रकम रु १,५६,५५३।— लाई बिगो कायम गरी आरोप पत्र दायर भएकोमा प्रतिवेदकले अदालत समक्ष गरेको बयानका क्रममा प्रतिवेदनको व्यहोरा र सहिछाप आफ्नो हो भनी सनाखत समेत गरेको । उक्त वकपत्रको क्रममा प्रतिवादीका कानून व्यवसायीले गरेको जिरहमा गरेको स.ज. २६ मा "एक ईन्टेकको मूल्यांकन छुटेको हो । रकम बारे हिसाब गर्नु पर्छ" भनी उल्लेख गरेको विषयमा सो छुट भएको १ ईन्टेकको रकम खुलाउन लगाई हिसाब मिलान गरी बिगो कायम गर्नु पर्नेमा सो नगरी प्रतिवेदनमा एउटा इन्टेक छुटेको भनी उल्लेख गरेको हुँदा निजको नापी मूल्यांकन यथार्थ रहेको मान्न मिलेन भन्ने आधार ग्रहण गरी हचुवाको भरमा गरिएको उक्त फैसलामा प्रमाण ऐन, २०३१ को दफा २० मा "प्रचलित नेपाल कानुन बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरी कुनै खास ठाउँ वा कार्यालयमा पेश गर्नु पर्ने कानुनी कर्तव्य भएका मानिसले कर्तव्य पालनाको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था को प्रतिकूल हुँदा उक्त फैसला त्रुटीपूर्ण रहेको;

घ) प्रतिवेदनमा इन्टेक, धारा पोष्टमा भएको पनिङ्ग (चिल्लो पार्ने कार्य) पाईप पुरेको ठाँउमा माटो भर्ने कार्य समेत छुटेको । खर्च लेखिएको नापी किताबमा पनि उक्त पनिङ्ग, माटो भर्ने कार्य, फिटिङ्ग सामान आदिको

मूल्यांकन गरिएको देखिदैन भन्ने आधारका सन्दर्भमा नापी किताबमा मूल्यांकन नै नभएको कार्य प्रतिवेदनमा उल्लेख हुने भएन । नापी किताबमा मूल्यांकन नै नभएको विषयले यसमा प्रभाव पार्ने कुरा होईन । तोकिएको काम भएको छैन, भुक्तानी भएको भन्दा कम मात्र काम भएको छ, उक्त कम काम गरी बढी रकम राज्यकोषबाट लिनु खानुमा संलग्न भएका व्यक्तिहरू उपर सजायको मागदावी लिई आरोप पत्र दायर भएको हुँदा कसूरमा संलग्न देखिएका यी प्रतिवादीहरूलाई आरोप मागदावी बमोजिम कसूर कायम गरी सजाय हुनु पर्नेमा निज प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको;

प्रवक्ता
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | दिपक बहादुर बुढाथोकी, ललन मण्डल, दिपेश महतारा, मान बहादुर रावत, विर बहादुर बुढा र ज्ञान बहादुर शाही (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०१०१ र फैसला मिति २०८०/०९/१९) | खानेपानी योजनामा गैरकानुनी लाभ वा हानी पु-याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरू पर्यटन कार्यालय बाँकेको तत्कालीन कार्यकारी निर्देशक दिपक बहादुर बुढाथोकी तथा तत्कालीन सब इन्जिनियर ललन कुमार मण्डल र खप्तड क्षेत्र पर्यटन विकास समितिको तत्कालीन सब इन्जिनियर दिपेश महताराको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र खण्ड (ङ) को कसुर भएको देखिदा निजहरू उपर उक्त कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,५६,५५३/- (एक लाख छपन्न हजार पाँच सय त्रिपन्न रुपैयाँ) कायम गरी कैद र बिगो बमोजिम | **फैसलाः**<br>प्रतिवादीहरुले आरोपीत कसूरवाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** मूल रुपमा नापी कितावमा कुन कुन कामहरु हुँदै नभएको काम भएको हो र कुन कुन काम कम भएकोमा बढी देखाइएको हो ? के कस्तो शर्त र मापदण्ड थिए जुन भए गरेको काममा देखिन आएन र पनि प्रतिवादीहरुले काम गरेको भन्ने उल्लेख गरेर भुक्तानी लिए? भनी स्पष्ट रुपमा विश्लेषण नगरिएको।<br>**ख.** विवादित खानेपानी आयोजनामा विल भरपाई भुक्तानी भईसकेपछि प्राविधिक सहायकको २०७४।०४।३२ को प्रतिवेदन, सव ईन्जिनियरले नापजाँच गरी पेश गरेको मिति २०७४।०८।२६ गतेको प्रतिवेदन र आयोगका ईन्जिनियर र अ.अ.ले मिति २०७६।०३।२४ मा | **विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी फैसला गर्दा लिएका देहायका आधार, कारणहरु हदसम्म बदरबागी रहेकोः:**<br>**क.** प्राविधिक सहायकले मिति २०७४।०४।३२ मा पेस गरेको प्राविधिक प्रतिवेदन आयोगमा उजुरी परेको तत्कालै गरेको र खप्तड लसके खानेपानी योजनाको उपभोक्ता समितिको अध्यक्ष मान बहादुर रावत र सोही खानेपानी उपभोक्ता समितिको सचिव विर बहादुर बुढा समेतले बयानको क्रममा विगत योजना कार्यसम्पन्न भएपछि दुई वर्षसम्म नियमित पानी आईरहेको, खानेपानी आयोजना जङ्गलको बिचमा मानव वस्ती भन्दा टाढा रहेको तथा दुई वर्षमा खानेपानीको पाइप चोरी भएको/नोक्सान भएको भनी एकै मिलानको बयान ब्यहोरा खुलाएकोबाट सो भन्दा पछिल्लो जिल्ला प्राविधिक कार्यालय, बाजुराका तत्कालीन सब इन्जिनियले पेस गरेको स्थलगत प्रतिवेदनबाट खानेपानीको पाइपलाइन कम रहेको खुलाएको तथा अन्तिममा आयोगबाट स्थलगत निरीक्षण हुँदा पाइपलाइन नरहेको अवस्था देखिन आएको। यसरी तत्काल भएको स्थलगत निरीक्षण तथा प्रतिवादीहरूको बयानबाट समेत उक्त खप्तड लसके खानेपानी आयोजना सम्पन्न पश्चात् ६-७ महिना चलेको भन्ने रहेको र सो समयमा समेत पाइपलाइनको लम्बाइ नापी किताबमा भन्दा कम रहेको र सो अनुसन्धानमा उल्लेख भएका खप्तड लसके खानेपानी योजना र नुवाकोट खापरदह स्ल्याब निर्माण कार्य सम्पन्न भए पश्चात् नाँपजाँच गरेको साथै सबै आइटमहरूको विस्तृत नापी गरी मूल्याङ्कन गरेको हुनाले निज प्राविधिक सहायकले मिति २०७४।०४।३२ मा प्रथम पटक पेस गरेको प्राविधिक प्रतिवेदनलाई आधार मान्दा खप्तड लसके खानेपानी योजनाको नापी किताब अनुसार रु.३,८१,२९५/५६ मूल्याङ्कन गरेकोमा उक्त प्राविधिक प्रतिवेदन अनुसार जम्मा रु.२,२४,५०७/८ मात्र काम भएको भनी मूल्याङ्कन गरेकोमा निजले सो मूल्याङ्कनको आइटम नं. ३ को stone soling कार्यको दर रेट रु.२५०६।४८ राखेकोमा खप्तड क्षेत्र पर्यटन विकास समितिको लागत अनुमान र दर रेट विश्लेषण बमोजिम उक्त आइटम stone soling कार्यको दर रेट रु.२६८०।६५ उल्लेख भएको पाइएकोले सो बमोजिमको दर रेट राखी मूल्याङ्कन गर्दा जम्मा रु.२,२४,७४२/- बराबरको मात्र काम भएको देखिन आएकोले फिल्डमा कम काम गरी बढी मूल्याङ्कन गरी जम्मा रु.१,५६,५५३/- बढी भुक्तानी दिई सरकारी रकम हिनामिना गरेको देखिन आएको। जम्मा रु.१,५६,५५३/–रकमको कार्य फिल्डमा नभए तापनि झुट्टा बिल भरपाई बनाई बढी रकम लिने दिने कार्य गरी नगरे नभएको कामबापत भुक्तानी लिएको र नभए नगरेको कामको समेत सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भैसकेको भनी सिफारिस गरेको समेतबाट प्रतिवादीहरू दिपक बहादुर बुढाथोकी, ललन कुमार मण्डल, दिपेश महतारा, मान बहादुर रावत, विर बहादुर बुढा तथा ज्ञान बहादुर शाही समेतको संलग्नता स-प्रमाण पुष्टि भएको हुनाले प्रतिवादीहरुको मनसायगत रुपमा नै सार्वजनिक सम्पत्तीको हिनामिना र हानी नोक्सानी तथा दुरुपयोगमा प्रत्यक्ष संलग्नता रहेको देखिएको। प्रस्तुत सन्दर्भमा नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको (नेकाप २०७८, पौष, नि.नं. १०७४८) भ्रष्टाचार मुद्दामा "मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने" भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्तको प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको।<br>**ख.** विवादित खानेपानी आयोजनामा विल भरपाई भुक्तानी भईसकेपछि प्राविधिक सहायकको २०७४।०४।३२ को प्रतिवेदन, सव ईन्जिनियरले नापजाँच गरी पेश गरेको मिति २०७४।०८।२६ गतेको प्रतिवेदन र आयोगका ईन्जिनियर र अ.अ.ले मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जरिवाना गरी निज प्रतिवादीहरुबाट उक्त बिगो समेत असुलउपर हुन साथै निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर समेत गरेको पुष्टि भएकाले निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय समेत हुन अभियोग मागदाबी लिईएको, प्रतिवादीहरु खप्तड लसके खानेपानी योजनाको उपभोक्ता समितिको अध्यक्ष मान बहादुर रावत र सचिव विर बहादुर बुढाको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.१,५६,५५३/- | पेश गरेको प्रतिवेदन रहेकोमा प्राविधिक सहायकको प्रतिवेदनको आधारमा कसूर र विगो कायम भएको देखिएको। विवादित नापीमा १५०० मि. पाईप उल्लेख भएकोमा प्राविधिक सहायकको उक्त प्रतिवेदनमा ६६२ मि. मात्र देखाएको। यहि कारण नै यस मुद्दामा वादीको दावी र प्रतिवादीले खर्च देखाएको रकममा फरक देखिन आएको।<br>**ग.** इन्टेकबाट दुवै धारासम्म नाप्दा पनि १५०० मि नभई ६६२ मि मात्र हो भन्ने प्रतिवेदनबाट देखिदैन। प्रतिवेदक लाल बहादुर शाहीले वकपत्र गर्दा प्रतिवेदनमा एउटा इन्टेक छुटेको भनी उल्लेख गरेको हुँदा निजको नापी मूल्यांकन यथार्थ रहेको मान्न नमिल्ने।<br>प्रतिवेदनमा इन्टेक, धारा पोष्टमा भएको पनिङ्ग (चिल्लो पार्ने कार्य) पाईप पुरेको ठाँउमा माटो भर्ने कार्य समेत छुटेको छ। खर्च लेखिएको नापी किताबमा पनि उक्त | २०७६।०३।२४ मा पेश गरेको प्रतिवेदन रहेकोमा प्राविधिक सहायकको प्रतिवेदनको आधारमा कसूर र विगो कायम भएको देखिएको। विवादित नापीमा १५०० मि. पाईप उल्लेख भएकोमा प्राविधिक सहायकको उक्त प्रतिवेदनमा ६६२ मि. मात्र देखाएको छ। यहि कारण नै यस मुद्दामा वादीको दावी र प्रतिवादीले खर्च देखाएको रकममा फरक देखिन आएको। आयोगमा उजुरी परेपछि प्राविधिक सहायकले स्थलगत प्रतिवेदन पेश गरेको। पछि केही समयको अन्तरालमा गरिएका प्रतिवेदनलाई आधार लिने हो भने उक्त प्रतिवेदनमा भौतिक पूर्वाधारहरुको अवस्था झनै जिर्ण भएको उल्लेख भएको। नापी किताव बमोजिमको काम नभएको भनी उजुरी परेको आधारमा स्थलगत निरिक्षणको क्रममा पेश गरिएको पहिलो प्रतिवेदनलाई नै आधार बनाएर मुद्दा दायर भएको हुँदा वादीको दावी र प्रतिवादीले खर्च देखाएको रकममा फरक पर्ने त स्वाभाविक नै हो मुद्दाको चुरो कुरो नै कवुलीयत बमोजिमको काम भएको छैन भन्ने हो। नापी किताबमा १५०० मि. पाईप उल्लेख भए बमोजिम फिल्डमा जम्मा६६२ मि. पाईप प्रयोग भएको पाईयो भन्ने ब्यहोरा प्राविधिकले मिति २०७४।०४।३२ मा पेस गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख भएको। उक्त प्रतिवेदन उजुरी परेपछि तत्कालै गरेको सो भन्दा पछिल्लो जिल्ला प्राविधिक कार्यालय, बाजुराका तत्कालीन सब इन्जिनियरले पेस गरेको स्थलगत प्रतिवेदनबाट खानेपानीको पाइपलाइन कम रहेको खुलाएको तथा अन्तिममा आयोगबाट स्थलगत निरीक्षण हुँदा पाइपलाइन नरहेको अवस्था देखिन आएको। यसरी उजुरी पछि तत्काल भएको स्थलगत निरीक्षण तथा प्रतिवादीहरूको बयानबाट समेत उक्त खप्तड लसके खानेपानी आयोजना सम्पन्न पश्चात् ६-७ महिना चलेको भन्ने रहेको र सो समयमा समेत पाइपलाइनको लम्बाइ नापी किताबमा भन्दा कम रहेको हुनाले मिति २०७४।०४।३२ मा प्रथम पटक पेस गरेको प्राविधिक प्रतिवेदनलाई आधार जम्मा रकम रु.१,५६,५५३/- बढी भुक्तानी दिई सरकारी रकम हिनामिना गरेको पुष्टि भएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानुनी व्यवस्था रहेकोमा सो कानुनी व्यवस्थाको गलत अर्थ लगाई प्रमाणमा ग्रहण नगरी मिसिल संलग्न अन्य प्रमाणहरुको आधारमा न्यायिक निरोपण गरिनु पर्नेमा निवेदकले दिएको किटानी उजुरी, प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको वयान, प्राविधिकले पेश गरेको खानेपानी आयोजनाको स्थलगत अनुगमन फोटो र कामको मूल्यांकन (Bill as per actual workdone in site), सव ईन्जिनियरले पेश गरेको प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान अधिकारी र ईन्जिनियरले पेश गरेको स्थलगत प्रतिवेदन, निज प्रतिवेदकहरुले अदालत समक्षको वकपत्रबाट समेत आफ्नो प्रतिवेदन सनाखत गरेको अवस्था, लगायतका प्रमाणहरुले प्रतिवादीहरुको कसूरमा संलग्नता पुष्टि भई रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति दिलाउने मनसायले अनर्गल तवरले आधार खडा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको।<br><br>**ग.** इन्टेकबाट दुवै धारासम्म नाप्दा पनि १५०० मि नभई ६६२ मि मात्र हो भन्ने प्रतिवेदनबाट नदेखिएको। प्रतिवेदकले वकपत्र गर्दा प्रतिवेदनमा एउटा इन्टेक छुटेको भनी उल्लेख गरेको हुँदा निजको नापी मूल्यांकन यथार्थ रहेको मान्न मिलेन भन्ने आधारका सन्दर्भमा, जिल्ला प्रशासन कार्यालय बाजुरा हुँदै छेडदह गाउँपालिकाको कार्यालय बाजुराको पत्र अनुसार साविक काँडा गाविसका प्राविधिक सहायकले असल नियतले स्थलगत निरिक्षण गरी पेश गरेको प्रतिवेदन साथ प्राप्त Bill as per actual workdone in site को आधारमा खप्तड लसके खानेपानी योजनाको नापी किताब अनुसार मूल्यांकन गरेको रकम रु.३,८१,२९५।५६ बाट वास्तविक रुपमा फिल्डमा काम भएको रकम रु.२,२४,७४२।– घटाउँदा फरक परेको रकम रु १,५६,५५३।– लाई विगो कायम गरी आरोप पत्र दायर भएकोमा प्रतिवेदकले अदालत समक्ष गरेको वयानका क्रममा प्रतिवेदनको व्यहोरा र सहिछाप आफ्नो हो भनी सनाखत समेत गरेको। उक्त वकपत्रको क्रममा प्रतिवादीका कानून व्यवसायीले गरेको जिरहमा गरेको स.ज. २६ मा "एक ईन्टेकको मूल्यांकन छुटेको हो ।रकम वारे हिसाव गर्नु पर्छ" भनी उल्लेख गरेको विषयमा सो छुट भएको १ ईन्टेकको रकम खुलाउन लगाई हिसाब मिलान गरी विगो कायम गर्नु पर्नेमा सो नगरी प्रतिवेदनमा एउटा इन्टेक छुटेको भनी उल्लेख गरेको हुँदा निजको नापी मूल्यांकन यथार्थ रहेको मान्न मिलेन भन्ने आधार ग्रहण गरी हचुवाको भरमा गरिएको उक्त फैसलामा प्रमाण ऐन, २०३१ को दफा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (अक्षरेपि एक लाख छपन्न हजार पाँच सय त्रिपन्न रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको साथै प्रतिवादी खसड लसके खानेपानी योजनाको अनुगमन समितिको संयोजक ज्ञान बहादुर शाहीको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय समेत हुन | पनिङ्ग, माटो भर्ने कार्य, फिटिङ्ग सामान आदिको मूल्यांकन गरेको नदेखिएको। | २० मा "प्रचलित नेपाल कानुन बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरी कुनै खास ठाउँ वा कार्यालयमा पेश गर्नु पर्ने कानुनी कर्तव्य भएका मानिसले कर्तव्य पालनाको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था को प्रतिकूल हुँदा उक्त फैसला त्रुटीपूर्ण रहेको।<br><br>**क.** प्रतिवेदनमा इन्टेक, धारा पोष्टमा भएको पनिङ्ग (चिल्लो पार्ने कार्य) पाईप पुरेको ठाँउमा माटो भर्ने कार्य समेत छुटेको। खर्च लेखिएको नापी किताबमा पनि उक्त पनिङ्ग, माटो भर्ने कार्य, फिटिङ्ग सामान आदिको मूल्यांकन गरिएको देखिदैन भन्ने आधारका सन्दर्भमा नापी किताबमा मूल्यांकन नै नभएको कार्य प्रतिवेदनमा उल्लेख हुने भएन। नापी किताबमा मूल्यांकन भएको मूल्य र फिल्डमा भएको कामको मूल्यको आधारमा परेको फरक रकमलाई मात्र यहाँ सरकारी हानी नोक्सानीको विगो कायम गरिएकोले नापी किताबमा मूल्यांकन नै नभएको विषयले यसमा प्रभाव पार्ने कुरा होईन ।यहाँ प्रश्न के के काम छुट्यो के के काम नापी किताबमा मूल्यांकन भयो र प्रतिवेदनमा के के काम छुट्यो भन्नु भन्दा खसड लसके खानेपानी योजनाको मुख्य काम के हो सो बमोजिमको कार्य के कति कसरी सम्पन्न भयो भएन भन्ने मात्र प्रमुख प्रश्न हो यहाँ तोकिएको काम भएको छैन भुक्तानी भएको भन्दा कम मात्र काम भएको छ उक्त कम काम गरी बढी रकम राज्यकोषबाट लिनु खानुमा संलग्न भएका व्यक्तिहरु उपर सजायको मागदावी लिई आरोप पत्र दायर भएको हुँदा कसूरमा संलग्न देखिएका यी प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम कसूर कायम गरी सजाय हुनु पर्नेमा निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २० मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनि सिद्धान्त प्रतिपादन भएको। |